# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०८।२३ गते

# प्रेस विज्ञप्ति

## भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय दिवस कार्यक्रम सम्पन्न।

---

आज अख्तियार दुरूपयोग अनुसन्धान आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको संयुक्त आयोजनामा "भ्रष्टाचार विरुद्धको सहकार्यः सुशासनको लागि अपरिहार्य" भन्ने नाराका साथ भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय दिवस २०१८ विशेष कार्यक्रमका साथ सम्पन्न भयो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सभाहलमा आयोजित उक्त विशेष कार्यक्रमलाई सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले प्रमुख अतिथिका रूपमा सम्बोधन गर्नुभएको थियो।

उक्त कार्यक्रममा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले नेपाल सरकारका सबै जिम्मेवार पदाधिकारीहरूले आत्मअनुशासन कायम गरी जवाफदेही ढंगले कार्य गरेमा भ्रष्टाचार नियन्त्रण हुने कुरामा जोड दिनुहुँदै हाम्रो मुलुकमा सुशासन कायम गरी भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक नीति र संरचना विद्यमान रहेको हुँदा मुलुकलाई समृद्ध बनाउने उपयुक्त अवसर रहेको बताउनुभयो। वहाँले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका कार्यबाट सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने बताउँदै आगामी दिनमा आयोग अझै क्रियाशील भएर भ्रष्टाचार नियन्त्रणको कार्यमा सफल हुने विश्वास व्यक्त गर्नुभयो। 'म भ्रष्टाचार गर्दिन, अरूलाई पनि गर्न दिन्न' भन्ने आफ्नो प्रतिवद्धता दोहोर्याउनुहुँदै वहाँले भ्रष्टाचार हुन नदिन शून्य सहनशीलताको नीतिलाई निर्मम ढंगले कार्यान्वयन गरिने दृढता जनाउनुभयो। कार्यक्रममा उपस्थित सम्पूर्ण पदाधिकारीहरूलाई सोही बमोजिम कार्य गर्न निर्देशन दिनुभयो।

कार्यक्रममा अध्यक्ष तथा आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यूले राज्यको सामाजिक पद्धतिको उपपद्धतिको रूपमा रहेको भ्रष्टाचारलाई निर्मम प्रहार गर्नुपर्ने आवश्यकता औंल्याउँदै घर, परिवार, समाज र शिक्षणसंस्थाबाट सदाचारिताको विकास हुनुपर्ने कुरामा जोड दिनुभयो। वहाँले सार्वजनिक खरिद, विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा हुने भ्रष्टाचारको नियन्त्रणका लागि आयोगले गरेका प्रयासहरूको चर्चा गर्दै आयोगले गरेका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यमा सबै सरोकारवालाको सहयोग र सहकार्य रहने अपेक्षा गर्नुभयो। माननीय प्रमुख आयुक्त घिमिरेले भ्रष्टाचारले लोकतान्त्रिक संस्थाहरूको जगलाई कमजोर बनाउने हुँदा यसलाई निरूत्साहित पार्न सरकार, आयोग, नागरिक समाज, सञ्चार क्षेत्र लगायत सबै क्षेत्रको एकिकृत र समन्वयात्मक प्रयासले मात्र भ्रष्टाचार न्यूनीकरणको दिशामा सार्थक उपलब्धि प्राप्त गर्नसकिने बताउनु भयो। आयोगले कुनै पनि बिषयमा प्रवेश गर्दा रहरले होइन, बाध्यताले प्रवेश गर्ने गरेको बताउनुहुँदै त्यस्तो बाध्यताको सिर्जना नहोस् भन्ने आयोगको अपेक्षा रहेको उल्लेख गर्नुभयो। व्यक्तिको मौनता वा निष्क्रियता पनि भ्रष्टाचार बढ्नुमा जिम्मेवार भएकोले भ्रष्टाचारका विरुद्ध नागरिक समाज, सञ्चार जगत समेतको खबरदारी महत्वपूर्ण हुने बताउनुभयो।

सोही कार्यक्रममा बोल्दै नेपाल सरकारका मुख्य सचिव लोकदर्शन रेग्मीले सुशासन र विकासको अवरोधका रूपमा रहेको भ्रष्टाचारलाई नियन्त्रण गर्न अपरिहार्य रहेको बताउनुहुँदै यसका लागि व्यक्ति, परिवार, समाज, राष्ट्र र सिंगो अन्तराष्ट्रिय समुदाय नै एक ढिक्का हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। वहाँले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई नेपाल सरकारको तर्फबाट आवश्यक जुनसुकै सहयोग प्रदान गर्ने प्रतिवद्धता समेत जनाउनुभयो।

उक्त कार्यक्रममा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका अध्यक्ष खेमराज रेग्मीले ट्रान्सपरेन्सी इन्टरनेशनलको भ्रष्टाचार अनुभूति सूचकाँकमा नेपाल पछाडि परेको हुँदा भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कदम चाल्नुपर्ने

आवश्यकतामा जोड दिनुभयो। लोकतान्त्रिक आचरण, पारदर्शिता र जवाफदेहिता बिना सदाचार कायम हुन नसक्ने बताउँदै वहाँले हाम्रो जस्तो मुलुकमा सुशासन कायम गर्न सबैको सहकार्य आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा स्वागत मन्तव्य राख्ने क्रममा आयोगका सचिव श्री महेश्वर न्यौपानेले नेपाल संयुक्त राष्ट्र संघको सदस्य र भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएकोले उक्त महासन्धिलाई कार्यान्वयन गर्न हाम्रो महत्वपूर्ण जिम्मेवारी भएको बताउनुभयो। यस दिवसको अवसरमा सबैले आत्मसमीक्षा गरी भ्रष्टाचारप्रति शून्य सहनशीलता कायम गर्दै मुलुकप्रति जिम्मेवार रहने प्रतिवद्धता जाहेर गर्न उपयुक्त हुने उल्लेख गर्दै वहाँले हाम्रा कामकारबाहीमा पारदर्शिता, जवाफदेहिता, मितव्ययिता र चुस्तता ल्याई सरकारी कार्यप्रणालीमा जनतामा प्रवाहित हुने वस्तु र सेवा ठिक समय र लागतमा प्रवाह हुने सुनिश्चितताका लागि सबै तह, रूप र रंगमा हुने भ्रष्टाचार एवं बेथिति नियन्त्रण हुनु आवश्यक भएको बताउनु भयो।

कार्यक्रममा माननीय महालेखा परीक्षक, माननीय प्रमुख निर्वाचन आयुक्त, माननीय महान्यायाधिवक्ता, आयोगका माननीय आयुक्तहरू, नेपाल सरकारका मुख्य सचिव, सर्वोच्च अदालतका मुख्य रजिष्टार, राष्ट्र बैंकका गभर्नर, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत लगायत नेपाल सरकारका सचिव एवं विशिष्ट श्रेणीका अधिकृत, सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी र राष्ट्रसेवक कर्मचारीहरूको उपस्थिति रहेको थियो।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता